नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८
चलानी नं. २५६४

मिती :- २०७८।०२।२८

विषयः - निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री गोरख बक्स गण, लक्ष्मणडाँडा व्यारेक, चौतारा, सिन्धुपाल्चोक ।
श्री जिल्ला प्रहरी कार्यालय, चौतारा, सिन्धुपाल्चोक ।
श्री सशस्त्र प्रहरी वल नेपाल नं. १६ गण हे.क्वा., वनदेउ, सिन्धुपाल्चोक ।
श्री आयोजना कार्यन्यन ईकाइ (भवन)
सिन्धुपालचोक ।
श्री स्वास्थ्य कार्यालय, चौतारा, सिन्धुपाल्चोक ।
श्री डिभिजन वन कार्यालय
सिन्धुपालचोक ।
श्री भु तथा जलाधार व्यवस्थापन कार्यालय
सिन्धुपाल्चोक ।
श्री चौतारा अस्पताल, चौतारा, सिन्धुपाल्चोक ।
श्री चौतारा साँगाचोकगढी, मेलम्ची र बाह्रविसे न.पा,
सिन्धुपालचोक ।
श्री इन्दावती, हेलम्वु, पाँचपोखरी थाङ्पालधाप, जुगल, सुनकोशी, भोटेकोसी,
त्रिपुरासुन्दरी, लिसँखुपाखर गा.पा. सिन्धुपालचोक ।
श्री गैर सरकारी संस्था महासंघ, सिन्धुपाल्चोक ।
श्री नेपाल पत्राकार महासंघ, सिन्धुपाल्चोक ।

आज मिति २०७८/०२/२८ गतेका दिन जिल्ला विपद् व्यवस्थापन समिति सि.पा.का अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी **श्री अरुण पोखरेल**को अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद-७ को दफा १६ बमोजिम जिल्ला विपद् व्यवस्थापन समितको वैठकबाट भएको निर्णय तपसिल बमोजिम भएकाले तहाँ पालिका/कार्यालयसँग सम्वन्धित विषयहरु कार्यान्वयनका लागि पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

निर्णयहरुः-

१. जिल्ला विपद् व्यवस्थापन समितिको नामबाट भू तथा जलाधार व्यवस्थापन कार्यालयले आम जनसमुदायमा देहायको सूचना स्थानीय FM, पम्प्लेट, पत्र पत्रिकाबाट प्रचार प्रसार गर्ने ।

देहाय

मनसुनको समय सुरु भईसकेको, सोहि कारणले बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको जोखिम हुने भएको हुदाँ समयमानै सजगता अपनाई सुरक्षित हुन निम्नअनुसारको उपायहरु अपनाऔं ।

- अति भिरालो, चिरा परेका, धाँजा फाटेका तथा भौगोलिक रुपले कमजोर भै पहिरो जाने संभावना भएका स्थानहरुमा बसोबास नगरौ । त्यस्ता स्थानहरुमा भू तथा जलाधार संरक्षणका प्रविधिहरु अपनाई संरक्षण गरौं ।
- साना तथा ठूला खोला नदीहरुमा वर्षातको समयमा बाढी आउने, खोला कटान गरी पहिरो जान सक्ने संभावना रहेकोले सुरक्षित स्थानमा बसोबास गरौं ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८

- खुल्ला भू भाग तथा चरण क्षेत्रमा प्राविधिक दृष्टिले उचित हुने खालका बृक्षारोपण गरौं ।
- नदी, खोलाका माथिल्लो तटीय जलाधारको पूर्ण रुपमा संरक्षण गरौं ।
- प्राविधिक दृष्टिले उपयुक्त भएका स्थानहरुमा मात्र सडक निर्माण गरौं ।
- सडकबाट बगेका पानी, कुलेसा तथा ढलहरुको उचित व्यवस्थापन गरौं ।
- जोखिम पूर्ण स्थान भए/देखिएमा सम्पर्क नं.९८५१२३६१६६ मा फोन गरौं ।

२. जिल्ला विपद् व्यवस्थापन समिति (DEOC) को गोरख बक्स गण स्थित स्टोरमा मौज्दात रहेको सामानहरु मध्ये विभिन्न मितिमा तपशिल बमोजिम खर्च भएको समानहरुको खर्च अनुमोदन गर्ने

| सि.नं. | सामानको विवरण | ईकाई | संख्या | प्रयोजन | लगेको मिति | कै. |
|---|---|---|---|---|---|---|
| १. | सानो चाईनिज पाल | सेट | ३ | होल्डिङ्ग एरिया, बनदेउ | २०७८/०१/२१ | |
| २. | सानो चाईनिज पाल | सेट | २ | श्री त्रिपुरा सुन्दरी गा.पा | २०७८/०२/१४ | |
| ३. | सानो चाईनिज पाल | सेट | १ | शव व्यवस्थापन टोलीको लागी आईशोलेशन | २०७८/०२/२१ | |
| ४. | ठूलो चाईनिज पाल | सेट | ४ | होल्डिङ्ग एरिया, बन्देउ | २०७८/०१/२१ | |
| ५. | ठूलो चाईनिज पाल | सेट | २ | श्री चौतारा अस्पताल (फिबर क्लिनिकको लगि) | २०७८/०१/१४ | |
| ६. | ठूलो चाईनिज पाल | सेट | ३ | शव व्यवस्थापन टोलीको लागी आईशोलेशन | २०७८/०१/२१ | |
| ७. | प्लाष्टिकको डोरी | बोरा | ४ | होल्डिङ्ग एरिया, बन्देउ | २०७८/०१/२१ | |

३. जिल्ला विपद् व्यवस्थापन समितिलाई जिल्ला जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय सि.पा.बाट प्राप्त १५० थान तारजाली र जिल्ला भू तथा जलाधार व्यवस्थापन कार्यालय सि.पा.बाट प्राप्त १५० थान गरी जम्मा ३०० थान मध्ये सम्वन्धित कार्यालयले नै तोकिएको स्थान पुर्याई तपशिल अनुसारको स्थानमा भण्डारण गर्ने। उपरोक्त तार जाली आवश्यक परेका पिडितलाई समितिको निर्णय भई आएमा तोकिए बमोजिम वितरण गर्ने ।

तपशिलः

| | |
|---|---|
| गोरख बक्स गण, लक्ष्मणडाँडा ब्यारेक, चौतारामा | १०० थान |
| इलाका प्रहरी कार्यालय, मेलम्ची | १०० थान |
| सशस्त्र प्रहरी बल नेपाल नं. १६ गण हे.क्वा, बनदेउ | १०० थान |

४. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ४८६ मिति २०७७/१२/२७ गतेको पत्रबाट माग भएको विवरण विभिन्न मितिमा स्थानीय तहलाई पत्राचार गरी हालसम्म प्राप्त भएको विवरण र प्राप्त हुन बाँकी विवरणका सम्बन्धमा लाभग्राही पहिचान गर्न र सम्बन्धित निकायमा पठाउन तपशिल अनुसारको समिति गठन गर्ने निर्णय गरीयो ।

तपशिल

| | |
|---|---|
| सन्तोष निरौला प्रमुख इन्जिनियर जिल्ला आयोजना कार्यान्वयन ईकाई (भवन) | संयोजक |
| राकेश कुमार देव इन्जिनियर जिल्ला आयोजना कार्यान्वयन ईकाई (भवन) | सदस्य |
| सम्वन्धित नगर/गाउँ पालिकाले तोकेको इन्जिनियर वा प्राविधिक कर्मचारी | सदस्य |
| राजेन्द्र शर्मा गै.स.स. महासंघ | सदस्य |

(2)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
फ्याक्स नं.०११-६२००८४

प.सं.- (प्र)०७७/७८

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

५. गत वर्षको मनसुनवाट भौतिक क्षति (घर, आवास, टहरा) भएको जुगल गा.पा. वडा नं. २ लिदीका स्थानीय बासिन्दाहरुलाई हालसम्म पनि स्थायी बसोवासको व्यवस्था हुन नसकेको । पाल र टेन्टमा नै बसीरहेका हुनाले निजहरुलाई स्थायी बसोवासको व्यवस्था नभए सम्मको लागी सोही गा.पा. वडा नं. १ स्थित बाँसखर्कमा अस्थायीरुपमा बसिरहेकाले निजहरुलाई स्थायी रुपमा बसोवासको व्यवस्थापन नभए सम्म अस्थायी रुपमा बस्नको लागी हाल अस्थायी रुपमा बसीरहेकै स्थानमा अस्थायी टहरा/भवन/घर (सामुदायिक) बनाई बस्ने व्यवस्था मिलाउने । सो प्रयोजनको लागी देहाय बमोजिमको कार्य देहायका निकायले गर्ने ।

- क) घर, टहरा, भवनको डिजाईन, लागत ईष्टिमेट जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) ले २ दिन भित्र तयार गरी संबन्धित गा.पा.लाई उपलव्ध गराउने ।
- ख) जमीन सम्याउने, घर टहरा बनाउन योग्य जमिन बनाउने कार्य जुगल गा.पा. ले २ दिन भित्र सम्पन्न गर्ने ।
- ग) घर/टहरा/भवन बनाउन आवश्यक सामाग्री गिटी, बालुवा, जस्तापाता, सिमेन्ट, रड, डण्डी, छड र अन्य आवश्यक सामाग्री जुगल गा.पा.ले उपलव्ध गराउने, उल्लेखित सामाग्री उपलव्ध गराउन जिल्ला विपद् व्यवस्थापन समितिले सहजीकरण गर्ने ।
- घ) आवश्यक सामाग्रीहरु उपलव्ध भईसके पश्चात नेपाली सेनाको नेतृत्वमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले संरचना तयार गर्ने । उपरोक्त संरचनाहरु २०७८ अषाढ १५ भित्र तयारी गरी सक्ने ।
- ङ) उपरोक्त अस्थायी बसोवास स्थलमा आवश्यक पर्ने विजुली ने.वि.प्रा.ले, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, टेलिफोन लगायतका सुविधा सम्बन्धित विषयगत कार्यालयले निर्माण संग संगै व्यवस्थापन गर्ने ।
- च) उपरोक्त कार्यको अनुगमन जिल्ला विपद् व्यवस्थापन समितिले गर्ने ।

६. मनसुनको समय सुरु भईसकेकोले बाढी, पहिरो, भु-क्षय जस्ता कारणले आउन सक्ने विपद्का घटना भई विस्थापित भएका बालबालिका वृद्ध वृद्धा, असक्त अपांग (अरुको सहायत आवश्यक पर्ने) महिला, सुत्केरी, गर्भवतीहरुलाई गाउँपालिका तथा नगरपालिकाहरुले विशेष व्यवाथापन गर्ने व्यवस्था मिलाउने ।



(बाबुराम खनाल)
स.प्र.जि.अ